# राप्ती गाउँपालिकाको उखु खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

**कार्यपालिकाको बैठकबाट स्विकृत मिति २०८२।११।०६ गते**

**राप्ती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मसुरिया, दाङ**
**लुम्बिनी प्रदेश, नेपाल**

**१. प्रस्तावना**

राप्ती गाउँपालिका क्षेत्रभित्र उखु खेतीको व्यावसायिक विस्तार गरी कृषकहरूको आयआर्जनमा वृद्धि गर्न, स्वदेशी चिनी उत्पादनमा टेवा पुऱ्याउन र बाँझो जग्गाको सदुपयोग गर्न वाञ्छनीय भएकोले, गाउँ कार्यपालिकाले यो "उखु खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२" स्वीकृत गरी लागू गरेको छ।

**२. उद्देश्य**

- गाउँपालिकामा उखु खेतीको क्षेत्रफल र उत्पादकत्व वृद्धि गर्ने।
- परम्परागत खेतीलाई व्यावसायिक र आधुनिकिकरणमा रूपान्तरण गर्ने।
- कृषकहरूलाई आवश्यक बीउ (वेर्ना), मल र प्राविधिक सामग्रीमा सहयोग पुऱ्याउने

**३. कार्यक्रम सञ्चालन प्रक्रिया**

(क) कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाले **१५ (पन्ध्र) दिने** सार्वजनिक सूचना प्रकाशन गर्नेछ।
(ख) इच्छुक कृषक, कृषि फर्म, कृषक समूह वा सहकारीहरूले तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ। (ग) छनौट भएका प्रस्तावक र राप्ती गाउँपालिका बीच कार्यक्रम सञ्चालनका लागि औपचारिक सम्झौता हुनेछ।

**४. योग्यता तथा न्यूनतम सीमा**

यस कार्यक्रममा सहभागी हुन प्रस्तावकले देहाय बमोजिमको न्यूनतम क्षेत्रफलमा उखु खेती गरेको हुनुपर्नेछ:

- **व्यक्तिगत कृषक वा कृषि फर्मको हकमा:** कम्तिमा ३ (तीन) कठ्ठा जग्गा।
- **कृषक समूह वा सहकारीको हकमा:** कम्तिमा ५ (पाँच) कठ्ठा जग्गा।

**५. अनुदान सहयोग हुने क्रियाकलापहरू**

अनुदान रकम देहायका उत्पादन सामग्री खरिद तथा कार्यमा उपयोग गर्न सकिनेछ:

- उखुको वेर्ना खरिद।
- प्राङ्गारिक मल, सूक्ष्म खाद्यतत्व र विषादी खरिद।
- डोरी, सिंचाइ सामग्री खरिद।
- जग्गा जोताइ खर्च तथा अन्य आवश्यक उत्पादन सामग्रीहरू।

## ६. अनुदान सम्बन्धी व्यवस्था

- कृषक, कृषि फर्म, समूह वा सहकारीलाई कुल लागतको **५०% (पचास प्रतिशत)** वा प्रति कठ्ठा अधिकतम **रु. ५,०००/- (पाँच हजार)** मध्ये जुन कम हुन्छ, सो बराबरको अनुदान रकम उपलब्ध गराइनेछ।

## ७. प्रस्ताव छनौट तथा प्राथमिकता

प्रस्ताव छनौट गर्दा देहाय बमोजिमको प्राथमिकता क्रम अनुसार गरिनेछ: १. कृषि सहकारी २. कृषक समूह ३. कृषि फर्म ४. व्यक्तिगत कृषक

## ८. छनौट, अनुगमन तथा भुक्तानी प्रक्रिया

- **प्रस्ताव छनौट:** प्राप्त निवेदनहरूको मूल्याङ्कन र छनौट राप्ती गाउँपालिकाको **आर्थिक विकास समिति**ले गर्नेछ।
- **अनुगमन:** कार्यक्रमको प्रभावकारिता र कार्य सम्पन्नताको जाँच **गाउँपालिकाको अनुगमन समिति**ले गर्नेछ।
- **भुक्तानी:** अनुगमन समितिको सिफारिस र सम्झौता बमोजिमका सर्तहरू पुरा भएपछि मात्र अनुदान रकम भुक्तानी गरिनेछ ।

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

# राप्ती गाउँपालिकाको केरा खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड,२०८१ (पहिलो संसोधन २०८२)

**कार्यपालिकाको बैठकबाट स्विकृत मिति: २०८१।१०।२४ गते**

**पहिलो संसोधन स्विकृत मिति: २०८२।११।०६ गते**

**राप्ती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मसुरिया, दाङ**
**लुम्बिनी प्रदेश, नेपाल**

**१. प्रस्तावना (Introduction)**

राप्ती गाउँपालिका क्षेत्रभित्र व्यावसायिक केरा खेतीको विस्तार गरी कृषकहरूको आर्थिकस्तर उकास्न, उत्पादनमा वृद्धि गर्न र कृषि क्षेत्रलाई व्यवस्थित बनाउन आवश्यक देखिएकोले; गाउँकार्यपालिकाको मिति २०८१/११/०६ को निर्णय बमोजिम यो "केरा खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड २०८२" जारी गरिएको छ।

**२. उद्देश्य (Objectives)**

- गाउँपालिकाभित्र केरा खेतीको क्षेत्रफल विस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।
- कृषक, फर्म र सहकारीहरूलाई आधुनिक प्रविधि र सामग्रीमा पहुँच पुऱ्याउने।
- व्यावसायिक खेती मार्फत स्थानीयस्तरमा स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने।
- अनुदान प्रणालीलाई व्यवस्थित र पहुँचयोग्य बनाई वास्तविक कृषकलाई प्रोत्साहित गर्ने।

**३. कार्यक्रम सञ्चालन प्रक्रिया**

- **सूचना:** कार्यक्रम सञ्चालनका लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिनेछ।
- **निवेदन:** इच्छुक कृषक, कृषि फर्म, कृषक समूह वा सहकारीहरूले तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।
- **सम्झौता:** राप्ती गाउँपालिका र छनौट भएको प्रस्तावक बीच औपचारिक सम्झौता हुनेछ।
- **छनौट:** प्रस्ताव छनौटको कार्य गाउँपालिकाको **आर्थिक विकास समिति**ले गर्नेछ।
- **भुक्तानी:** कार्यक्रमको अनुगमन र भुक्तानीको सिफारिस गाउँपालिकाको **अनुगमन समिति**ले गर्नेछ।

**४. जग्गाको न्यूनतम सीमा (मापदण्ड)**

यस कार्यक्रममा सहभागी हुनका लागि देहाय बमोजिमको जग्गामा खेती गरेको हुनुपर्नेछ:

- **कृषि फर्महरूका लागि:** कम्तिमा १० कठ्ठा जग्गा।
- **कृषक समूह तथा सहकारीहरूका लागि:** कम्तिमा २० कठ्ठा जग्गा।

**५. गर्न सकिने क्रियाकलापहरू**

यस कार्यक्रम अन्तर्गत अनुदान प्राप्त रकम निम्न कार्यहरूमा खर्च गर्न सकिनेछ:

- केराको वेर्ना, प्राङ्गारिक मल र यन्त्र उपकरण खरिद।
- डोरी, टेकाका लागि बाँस र सिँचाइ सामग्री खरिद।
- खेती गरिएको क्षेत्रको बारबन्देज (Fencing) तथा अन्य उत्पादन सामग्री खरिद।

**६. अनुदान सम्बन्धी व्यवस्था**

अनुदान रकम वितरण गर्दा देहाय बमोजिमको सीमा र सर्तहरू लागु हुनेछन्:

- **व्यक्तिगत कृषक वा कृषि फर्मको हकमा:** प्रति अनुदानग्राही कुल लागतको ५० प्रतिशतमा नबढ्ने गरी बढीमा रु **५०,०००।- (पचास हजार)** सम्म अनुदान उपलब्ध गराइनेछ।
- **कृषक समूह वा कृषि सहकारीको हकमा:** प्रति अनुदानग्राही कुल लागतको ५० प्रतिशतमा नबढ्ने गरी बढीमा रु. २,००,०००।- (दुई लाख) सम्म अनुदान उपलब्ध गराइनेछ।

**७. प्रस्ताव छनौटको प्राथमिकता**

प्रस्तावहरू प्राप्त भएपछि छनौट गर्दा देहायको प्राथमिकता क्रम अनुसार गरिनेछ:

१. कृषि सहकारी
२. कृषक समूह
३. कृषि फर्म
४. व्यक्तिगत कृषक

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत